जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ३३ २०७९ साल भदौ ८ गते बुधबार (24 Aug 2022 Wednesday) मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारद्वारा उच्चस्तरीय तलब ... ३ पृष्ठमा : नेता गिरी निष्ठा र आदर्शका ... ३ पृष्ठमा सेनाले अनधिकृत प्रवेशका..

# प्रहरीले घरमा खानतलासी गर्न खोज्दा झडप
# तीन राउण्ड हवाई फायर, तीन प्रहरी घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौ ।**

सप्तरीको बलान विहुल गाउँपालिकामा मंगलबार दिउँसो प्रहरी टोलीलाई गाउँलेहरुले अवरोध गर्दा झडप भएको छ ।

तस्करी गरि ल्याएको सामान लुकाइराखेको घरमा खानतलासी गर्न पुगेको प्रहरीलाई स्थानियहरुले अवरोध गर्दा झडपको स्थिति सृजना भएको हो ।

गाउँलेहरुले खानतलासीमा पुगेका प्रहरी टोलीमाथी ढुंगामुढा गर्नथालेपछि स्थितीलाई नियन्त्रणमा लिन प्रहरीद्वारा तीन राउण्ड हवाई फायर समेत गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी माधवप्रसाद काफ्लेका अनुसार सीमावर्ती भारतीय बजारबाट भन्सार छलेर अवैध रुपमा चोर बाटो हुँदै ल्याइएका लत्ताकपडा र इलेक्ट्रोनिक्स सामान तस्करले बलान बिहुल गाउँपालिका ४ बेल्हीस्थित घुरन साहको घरमा लुकाइराखेको सूचना प्राप्त भएपछि सो गाउँपालिकास्थित प्रहरी चौकीबाट खानतलासीका लागि प्रहरी खटिएको थियो ।

गाउँलेहरुले प्रहरीलाई अवरोध गरेपछि जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी निरिक्षकको नेतृत्वमा थप प्रहरी पुगेर खानतलासी गर्न खोज्दा प्रहरीमाथी घरको छतमा बसेर समेत गाउँलेहरुले ढुंगा प्रहार गर्दा स्थिति झन तनावग्रस्त बनेको थियो ।

ढुंगामुढाबाट प्रहरी सहायक हवल्दार शिवशंकर साह तथा प्रहरी जवान अनिलकुमार बस्नेत र बिशाल कुमार मिश्रा घाइते भएको डिएसपी काफ्लेले बताएका छन् ।

भिडलाई तितरबितर गरेर साहको घरमा खान तलासी गर्दा भन्सार छलेर ल्याइएको लत्ताकपडा र इलेक्ट्रोनिक्स सामान बरामद गरि नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । राजविराज भन्सार कार्यालयका कर्मचारी समेतको रोहबरमा उक्त सामान भन्सार कार्यालय पठाइएको डिएसपी काफ्लेले जानकारी दिएका छन् ।

सामान बरामद भएपनि घरधनी साह र तस्करीमा संलग्न रहेकाहरु फरार भएको र उनीहरुको खोजिकार्य भइरहेको डिएसपी काफ्लेले बताए । अहिले त्यसक्षेत्रमा व्यापक प्रहरी परिचालन गरिएको र स्थिति पूर्ण नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सप्तरीमा बन्दको प्रभाव सामान्य

**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौ ।**

नेत्र विक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी सहित चार दलले संयुक्त रुपमा मंगलवार घोषणा गरेको नेपाल बन्दको सप्तरीमा सामान्य प्रभाव देखिएको छ ।

राजविराजबाट छोटो दुरीमा संचालन हुने सवारी साधान मंगलवार खुल्ला रुपमा संचालन भयो भने लामो दुरीका सवारी साधन भने तुलनात्मक रुपमा कम संचालनमा आएको छ ।

बाहिरबाट जिल्ला भित्रिने यात्रुवाहक वसको संख्या भने अन्य दिनको तुलनामा केही घटेको माउन्ट सगरमाथा यातायात प्रालि राजविराजका संचालक सदस्य दिनेश गुप्ताले जानकारी दिए । उनले बन्द आह्वानकर्ता दलका स्थानीय नेताले बन्द कार्यक्रम सफल बनाउन एक दिन अगावै यातायात नचलाउन फोनमार्फत आग्रह गरेपछी लामो दुरीमा संचालन हुने केही वस सम्बन्धित रुटमा नगएको बताए ।

यता जिल्लाका सबै शिक्षण संस्था र प्रमुख बजार मंगलवार नियमित रुपमा खुलेका थिए । शिक्षण संस्थाहरुमा कुनै अवरोध नभएको र पठनपाठन सुचारु रहेको जिल्ला शिक्षा समन्वय एकाइ

***बाँकी अन्तिम पृष्ठमा***




भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/५/९
प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

**विगत १४ वर्ष देखी संचालन हुदै आएको**
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०७९ भदौं ९ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय

# दुर्घटनाबाट जोगिन आफै सावधानी अपनाऔं

सवारीसाधन चलाउँदा जहिले पनि सावधानी अपनाउनु पर्छ। सवारीसाधन चलाउन सावधानी नअपनाए दुर्घटना हुने जोखिम समेत बढ्छ। हुनत दुर्घटना भनेकै भवितब्य हो। यो कसैलाई भनेर हुँदैन्। सप्तरी जिल्लामा सडक दुर्घटनाको तथ्याङ्क बढेको छ। प्राय दुर्घटना चालकको लापरवाही त कहिलेकाही बाटोघाँटोको समस्याले पनि हुने गर्दछ। यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ।

यता चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। यसका लागि आफै सचेत हुनु आवश्यक छ। कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ। जिल्लाका अधिकांश सडकहरु निर्माण वा मर्मतका क्रममा रहेका छन्। त्यसमा पनि निर्माण भइसकेका सडकहरुमा बढी दुर्घटना हुने गरेको छ। बढी गतिमा सवारी चलाउने कारणले उक्त दुर्घटना हुने गरेको पाइएको छ।

तसर्थ सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनालाई न्युनिकरण गर्न सकिनुको साथै सवारीसाधन चलाउँदा चालक आफै सतर्क तथा संयमित हुनु पनि उत्तिकै आवश्यक छ।

# सरकारद्वारा उच्चस्तरीय तलब सुविधा आयोग गठन

काठमाडौँ, ७ भदौ (रासस)।

सरकारले राष्ट्रसेवक कर्मचारी र श्रमिकहरूको न्यूनतम तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकनका लागि उच्चस्तरीय तलब सुविधा आयोग गठन गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को भदौ ६ गते बसेको बैठकले देशको आर्थिक अवस्था र खर्च बहन गर्नसक्ने क्षमता समेतका आधारमा कर्मचारी र श्रमिकको तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकन गर्न आवश्यक अध्ययन गरी सरकारलाई सिफारिस गर्न पूर्व मुख्यसचिव लीलामणि पौडयालको संयोजकत्वमा सो आयोग गठन गरेको हो।

मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले उच्चस्तरीय पारिश्रमिक एवम सुविधा पुनरावलोकनका लागि तलव सुविधा आयोग गठन गर्ने निर्णय भएको जानकारी दिनुभयो।

बैठकले बालाजु-त्रिशूली सडक खण्डको (मुड्खु-तिनपिप्ले) पाँच दशमलव पाँच किलोमिटर सडक निर्माण कार्य तत्काल अगाडि बढाउन विशेष परिस्थितिमा बोलपत्र आह्वान गरी खरिद प्रक्रियामा लैजान सैद्धान्तिक सहमति प्रदान गरेको छ।

**पाँच सय ८४ अधिकृतस्तरका दरबन्दी स्वीकृत**

मन्त्रिपरिषद् बैठकले सहरी विकास मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा गरी पाँच सय ८४ वटा अधिकृतस्तरका कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको छ। सहरी विकास मन्त्रालयमा तीन सय ८० र कृषि तथा पुशपन्छी विकास मन्त्रालयमा दुई सय चार गरी कुल पाँच सय ८४ अधिकृतस्तरका कर्मचारी अस्थायी दरबन्दी स्वीकृत गरेको सञ्चारमन्त्री कार्कीले बताउनुभयो। उहाँका अनुसार सहरी विकास मन्त्रालयअन्तर्गत सञ्चालन हुने विकास आयोजना/कार्यक्रमहरू सञ्चालन गर्न आर्थिक वर्ष २०७९/८० का लागि राजपत्राङ्कित श्रेणीका कर्मचारीको दरबन्दी थप गर्ने निर्णय गरिएको छ।

त्यसैगरी आर्थिक वर्ष ०७९/८० का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत राजपत्राङ्कित श्रेणीका कर्मचरीको दरबन्दी थप गर्ने निर्णय गरिएको मन्त्री कार्कीले बताउनुभयो।

मन्त्रिपरिषद् बैठकले संयुक्त राष्ट्रसङ्घको अनुरोधमा 'युनाइटेड नेसन्स मल्टिडाइमेनसनल इन्टिग्रेटेड स्टचाबिलाइजेशन मिसन इन माली' मामा सशस्त्र प्रहरी बल, नेपालका एक सय ४० जना 'फर्मड पुलिस युनिट' परिचालन गर्न स्वीकृति दिने निर्णय गरेको छ।

बैठकले विमानस्थलमा मात्र ट्रान्जिट हुनेबाहेक विदेशी नागरिकलाई नेपालबाट तेस्रो मुलुकमा जान प्रस्थान अनुमति नदिने गरी मन्त्रिपरिषद्बाट २०७८ वैशाख १३ गते भएको निर्णय खारेज गरेको छ।

आगामी भदौ २० देखि २३ गतेसम्म रस्सियामा हुने 'सेकेण्ड इन्टरनेशनल टाईगर फोरम' सम्बन्धी कार्यक्रममा वन तथा वातावरणमन्त्री प्रदीप यादव र सचिव डा पेमनारायण कँडेललाई सहभागी हुन स्वीकृति दिने बैठकले निर्णय गरेको छ।

यस्तै बैठकले बेलायतमा भदौ २२ देखि २४ सम्म सरकारी निकाय) ले आयोजना गर्ने 'दि एक्सपोजार प्रोग्राम एन्ड नलेज सेयरिङ रिलेटेड टू दी एरबोर्न लिडार प्रोजेक्ट' सम्बन्धी भ्रमण कार्यक्रममा सहभागी हुन सचिव रामप्रसाद थपलियालाई स्वीकृति दिने निर्णय गरेको छ।

त्यसैगरी बैठकले महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना स्वीकृत गरेको छ। फौजदारी कसुर (कैद कट्टा) (दोस्रो संशोधन) नियमावली, २०७८ स्वीकृति गर्ने निर्णय गरेको छ। विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ स्वीकृत गर्ने निर्णय गरेको मन्त्रिपरिषद्ले तत्काल समस्या समाधान निर्देशिका, २०७९ पनि स्वीकृत गरेको छ।

विदेशस्थित नेपाली नियोगकको आर्थिक कार्यविधि, २०७९ स्वीकृत गरिएको छ। साथै बैठकले राष्ट्रिय चिकित्सा शिक्षा ( दोस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गरेको छ। राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव नारायप्रसाद शर्मा दुवाडीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको सञ्चारमन्त्री कार्कीले सो अवसरमा जानकारी दिनुभयो।

# अझै कोसीटप्पु वन्यजन्तु आरक्ष विस्थापितका समस्या समाधान भएन

काठमाडौँ, ७ भदौ (रासस)।

वन तथा वातावरणमन्त्री प्रदीप यादवले कोसीटप्पु वन्यजन्तु आरक्ष विस्थापितको समस्या समाधानका लागि सरकार गम्भीर रहेको बताउनुभएको छ।

कोसीटप्पु वन्यजन्तु आरक्ष विस्थापितको समस्या समाधान गर्न आयोगले मन्त्रालयमा बुझाएको प्रारम्भिक प्रतिवेदन बुझ्दै उहाँले विस्थापितको समस्याका विषयमा सरकारले गहनरूपमा अध्ययन गरी समस्या समाधनका लागि सबै निकायमा पहल गर्ने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "मुअब्जा नपाउँदा विस्थापितहरू लामो समयदेखि पीडित बनेका छन्, पीडितका समस्या समाधानका लागि पहल गर्ने छु।"

यसैगरी मन्त्री यादवले कोसीटप्पु वन्यजन्तु आरक्ष विस्थापितको हकमा आवश्यक जानकारी लिन मन्त्रालय मातहतका निकायलाई निर्देशनसमेत दिनुभएको छ। कोशी टप्पु वन्यजन्तु आरक्ष विस्थापितको समस्या समाधान गर्न आयोगका अध्यक्ष राजकुमार राईले आयोग गठन भएपछि हालसम्मका काम कारवाहीका विषयमा एक प्रारम्भिक प्रतिवेदन तयार गरी मन्त्री यादवलाई बुझाउनुभएको थियो। उक्त प्रारम्भिक प्रतिवेदनमा टिओआरमा उल्लेख भएअनुरुपका र जग्गा मुअब्जा नपाएका आरक्ष विस्थापितको हकमा घरबासका निमित्त जग्गा व्यवस्थापन हुनुपर्ने, अन्यको हकमा सम्पूर्ण अध्ययन अनुसन्धान गरी उचित व्यवस्थापन हुनुपर्ने उल्लेख छ।

विसं २०३३ मा कोसीटप्पु वन्यजन्तु आरक्षको विस्तार गर्ने क्रममा सरकारले सुनसरी र सप्तरीमा करिब चार हजारभन्दा बढी बिघा जग्गा गरेको थियो। जग्गा अधिग्रहणका बखत जग्गाको सट्टामा जग्गा दिने सहमति गरिएको भए पनि त्यहाँका विस्थापितले अहिलेसम्म जग्गा नपाएको गुनासो छ। कतिपयलाई सरकारले जग्गाधनी प्रमार्ण पुर्जा दिई मालपोतको तिरो तिर्दै आए पनि उक्त जग्गा पीडितले भोगचलन

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# नेता गिरी निष्ठा र आदर्शका धरोहर

राजु विश्वकर्मा
जनकपुरधाम, ७ भदौ (रासस)।

नेपाली कांग्रेसको मात्र नभइ अन्य पार्टीका लागि पनि आदर्श नेताको रूपमा हुनुहुन्थ्यो प्रदीप गिरी।

नजिकबाट चिनेका नेताहरूले उहाँलाई सत्य, निष्ठा, चिन्तक तथा विचारकका रूपमा सम्मानपूर्वक लिने गरेका छन्। सादा जीवन र उच्च विचारका प्रतिमूर्तिका नेता तथा प्रतिनिधिसभा सदस्य गिरीको निधनबाट मुलुकले एक विशिष्ट राजनीतिज्ञ र समाजवादी चिन्तक गुमाएको यहाँस्थित विभिन्न पार्टीका नेताले बताएका छन्।

स्वदेशमा मात्र होइन, अन्तर्राष्ट्रिय जगतमा पनि आफ्नो व्यक्तित्व उभिल्याउन सफल नेता गिरीको निधनबाट आफूहरूले एक साझा अभिभावक गुमाएको नेताहरूको भनाइ छ।

नेकपा माओवादी केन्द्रका पोलिटब्यूरो सदस्य तथा पूर्वमन्त्री उमेशकुमार यादव नेता गिरीको निधनबाट मुलुकले ठूलो आदर्श र निष्ठाका धरोहर गुमाएको बताउनुहुन्छ। "आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल जनताका प्रिय, बौद्धिक, समाजवादी चिन्तक नेता गिरीको निधनबाट देशलाई ठूलो क्षति भएको छ", उहाँ भन्नुहुन्छ,"प्रदीप दाईको अभाव हामीलाई सधैँ खडकिरहनेछ।"

नेकपा माओवादीलाई शान्ति वार्तामा ल्याउन गिरीले ठूलो भूमिका निर्वाह गर्नुभएको स्मरण गर्दै उहाँ गिरीको आदर्श, सादा जीवन र उच्च विचारको शैलीलाई सबै दलका नेताले अङ्गीकार गर्नुपर्ने उल्लेख गर्नुहुन्छ। नेता गिरीको निधनले नेपालको राजनीतिक प्रशिक्षक र समाजवादी चिन्तनमा मूल प्रवाह गर्ने व्यक्ति नै गुमेको सिरहास्थित नेकपा एकीकृत समाजवादी पार्टीका नेता सत्यनारायण यादव बताउनुहुन्छ।

"प्रदीप दाई अद्भुत ज्ञानको खानी भएको व्यक्तित्व हुनुहुन्थ्यो", उहाँ भन्नुहुन्छ ,"उहाँको नजिक जाँदा मलाई ज्ञानको भण्डार नै आएको आभास हुनाका साथै प्रस्तुत विचार सुन्दा अति प्रभावित हुन्थे।"

प्रदीप दाईले विभिन्न विषयमा प्रशिक्षण दिएजस्तै विचार पस्किरहँदा मन आनन्दित हुने नेता यादवको भनाइ छ। त्याग र समर्पणको भाव भएको नेता गिरीलाई आफूले नेता भन्दा पनि बौद्धिक, तार्किक र दार्शनिक व्यक्तित्वको रूपमा लिएको नेकपा एमालेका राष्ट्रिय परिषद् सदस्य तथा लहान नगरपालिका पूर्वप्रमुख मुनी साहको भनाइ छ।

"प्रदीप दाइको निधनले यस नगरपालिकालाई अपूरणीय क्षति भएको छ", उहाँ भन्नुहुन्छ,"प्रदीप दाइ यही नगरपालिकावासी भएको नाताले उहाँ जतिबेला पनि नगरक्षेत्रको विषयमा चिन्तन गर्नुहुन्थ्यो, विकासका लागि नयाँ-नयाँ सोच र सल्लाह दिँदै आउनुभएको थियो।"

मधेसी जनताको हक र अधिकारका लागि प्रष्ट धारणा राख्ने नेताको रूपमा देखिनुभएका नेता गिरीको निधनले मधेस मुक्तिको आन्दोलनमा धक्का लागेको जनता समाजवादी पार्टीका जिल्ला उपाध्यक्ष राकेश रोशन गुप्ता बताउनुहुन्छ।"मधेश आन्दोलनलाई सफल बनाउन प्रदीप दाइको महत्पूर्ण योगदान थियो", उहाँ भन्नुहुन्छ," संसदमा बोलेर होस् वा विभिन्न लेख रचनाको माध्यमबाट मधेस र मधेसीको सवालमा नेता गिरीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनुभएको थियो, उहाँको योगदान अविस्मरणीय छ।"

लोकतान्त्रिक समाजवादी पार्टीका जिल्ला इन्चार्ज राकेश भा प्रदीप गिरी नेता मात्र नभइ सामाजिक चिन्तनको ज्ञानभण्डार भएको प्रतिक्रिया दिनुहुन्छ। "प्रदीप सर सामाजिक चिन्तक र बौद्धिक व्यक्तित्व हुनुहुन्थ्यो", उहाँ भन्नुहुन्छ ,"के कांग्रेस, के कम्युनिष्ट सबै पार्टीका नेतालाई समाजवादबारे उहाँ प्रशिक्षण दिनुहुन्थ्यो, धेरै नेता उहाँबाट समाजवाद पढ्दथे।"

सिरहाको लहान नगरपालिका १४ बस्तीपुर गाउँमा जन्मिनु भएका गिरीको गत शनिबार राति उपचारको क्रममा काठमाडौँमा निधन भएको थियो। आफ्ना पिता मित्रलाल गिरीको प्रेरणाबाट १८ वर्षकै उमेरमा राजनीतिमा होमिनुभएका उहाँले भारतमा अर्थशास्त्र र दर्शनशास्त्रमा स्नातकोत्तर गर्नुभएको थियो।

नेता गिरीले आफ्नो पुर्खौली घर छाडेर बस्तीपुर गाउँ नजिकैको खुट्टी खोला किनारमा आश्रम बनाएर बस्दै आउनुभएको थियो। बहुदल आएपछि गिरी पटक-पटक सांसद हुनुभए पनि २०५६ मा पराजित हुनुभएको थियो।

जनआन्दोलन पश्चात् २०६३ सालको पुनःस्थापित संसद्मा मनोनित हुनुभएका गिरी २०६४ र २०७० मा समानुपातिक सांसद हुनुभयो। गत २०७४ मा उहाँ सिरहा क्षेत्र नं १ बाट निर्वाचित हुनुभएको थियो।

# पाँच दिने तालिम सम्पन्न

दैनिक समाचारदाता
राजविराज, ७ भदौ।

साक्षरता तथा गणितिय सीप प्रबन्धन सम्बन्धि पाँच दिने तालिम मंगलबार सम्पन्न भएको छ। सेभ द चिल्ड्रेनको सहयोग र सेभ द सप्तरीले राजविराजमा आयोजना गरेको पाँच दिने तालिम सम्पन्न भएको हो।



समुन्नती कार्यक्रम अन्तर्गत जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका, राजविराज नगरपालिका, बिष्णुपुर गाउँपालिका र छिन्नमस्ता गाउँपालिकाकमा १३ वटा बिद्यालयका शिक्षक शिक्षिकाहरुको सहभागिता रहेको थियो।

शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख विजय मण्डलको प्रमुख अतिथ्यमा सम्पन्न भएको तालिममा शिक्षकहरुको लागि साक्षरता तथा गणितिय सीप प्रबन्धन सम्बन्धि तालिम दिइएको सेभ द सप्तरीका शिक्षा अधिकृत मुकेश कुमार मण्डलले जानकारी दिए।

कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिकाको २६ जना शिक्षक शिक्षिकाहरुको सहभागिता रहेको थियो। तालिममा जिल्लाका राजबिराज नगरपालिका, तिलाठीकोईलाडी गाउपालिका, बिष्णुपुर गाउपलिका, छिन्नमस्ता गाउपालिकाका शिक्षक शिक्षिकाहरुको सहभागितामा गणितिय तथा साक्षरता शिपको माध्यमबाट शिक्षण सिकाईमा टेवा पुग्ने उद्देश्यले तालिमको आयोजना गरिएको हो।

पालिकास्तरमा बिद्यालयहरूको शैक्षिक गुणस्तरको सुधार र बृद्धि सँगै गुणस्तरिय शिक्षामा अभिबृद्धिका लागि शिक्षकशिक्षिकाहरूलाई क्षमता अभिबृद्धि गर्ने उद्देश्यले कार्यक्रम गर्दै आएको सेभद सप्तरीका दुर्गानन्द शर्माले बताए। तालिममा सहजीकरण प्रशिक्षक अर्जुन कुमार यादवले गरेका थिए।

सेभ द सप्तरीका अध्यक्ष धुब्र प्रसाद देवको अध्यक्षतामा आयोजित समापन कार्यक्रममा शिक्षा बिकास तथा समन्वय ईकाई प्रमुख बिजय मण्डल, सेभद चिल्ड्रेनका बरिष्ठ कार्यक्रम संयोजक खिलनाथ निरौला, प्रशिक्षक अर्जुन कुमार यादव, पत्रकार चन्दनकुमार यादव लगायतले तालिममा सहभागीहरूलाई प्रमाणपत्र बितरण गरेका थिए। कार्यक्रम सेभ द सप्तरीका बिभिन्न तहका कर्मचारीहरुको समेत सहभागिता रहेको थियो।

### अभै कोसीटप्पु ...

गर्न नपाएको र गैरविस्थापितले कब्जा गरेको आयोगका विज्ञ सल्लाहकार श्याम लम्सालले जानकारी दिनुभयो। उहाँका अनुसार आरक्ष पीडितका समस्या समाधानका लागि हालसम्म २१ आयोग गठन भए पनि हालसम्म समस्या समाधान हुन नसकेको पीडितको गुनासो छ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### सेनाले अनधिकृत प्रवेशको प्रयास असफल बनायो

राजौरी (जम्मु र कश्मीर), ७ भदौ (रासस/एएनआई)।

भारतीय सेनाले सोमबार राति जम्मूको राजौरी जिल्लाको नियन्त्रण रेखा (एलओसी)बाट अनधिकृत प्रवेशको प्रयासलाई विफल पारेको छ।

जम्मुस्थित एकजना सुरक्षा अधिकारीका अनुसार भारतीय सेनाले जम्मू कश्मीरको राजौरीको नौशेरा क्षेत्रमा एलओसीबाट भारत प्रशासित क्षेत्रमा प्रवेश गर्नु भएको प्रयासलाई सफलतापूर्वक रोकेको तथा विस्तृत विवरणको प्रतीक्षा भइरहेको बताएका छन्।

यसअघि अस्ति आइतबार भारतीय सेनाले नौशेरा शहरको सेहर माकरी क्षेत्रमा एलओसीमा आत्मघाती हमला गर्न आएको गरेको अनधिकृत व्यक्तिलाई पक्राउ गरेको थियो। छब्बीस वर्षीय तबारक हुसेनलाई सोमबार राति पक्राउ गरिएको तथा निजलाई राजौरी जिल्लाको नौशेरा शहरको सेहर माकरी क्षेत्रमा सेनाको सेनाले समातेको ती अधिकारीले बताए।

### सुडानमा बाढीबाट त्रियासी जनाको मृत्यु

खार्तुम, ७ भदौ (रासस/सिन्ह्वा)।

सुडानमा अविरल वर्षा र बाढीबाट कम्तीमा पनि ८३ जनाको ज्यान गएको छ। प्राप्त समाचारअनुसार यहाँ सोमबार रातिसम्म कम्तीमा पनि ८३ जनाको ज्यान गएको हो।

यहाँका बाढी प्रभावित प्रान्त तथा क्षेत्रका १८ हजार घर बगाएको बताइएको छ। त्यसैगरी यहाँका कम्तीमा पनि २५ हजार घरमा बस्न नहुनेगरी क्षति पुगेको पनि बताइएको छ।

यहाँका केही व्यक्ति हराएका छन् भने एक लाख ३६ हजारभन्दा बढी व्यक्ति बाढीबाट प्रभावित भएर अन्यत्रै सारिएको छ।

यहाँका मौसमसम्बन्धी अधिकारीले सन् १९४६ पछि पहिलोपटक सुडानमका नदीमा पानीको सतह धेरै बढेको जनाएका छन्।

बाढीका कारण यहाँका कम्तीमा छ ओटा राज्यमा आपतकालको घोषणा पनि गरिएको छ। अत्याधिक बर्षापछि आएको बाढीका कारण सङ्कट उत्पन्न भएको यहाँको यहाँको 'नेसनल काउन्सिल फर सिभिल डिफेन्स'ले जनाएको छ।

बाढीको बढी प्रभाव रहेका विभिन्न छ राज्यमा सुडानको मन्त्रिपरिषद्ले आपतकालको घोषणा गरेको सोमबार जनाइएको हो।

नेसनल काउन्सिल फर सिभिल डिफेन्सका अनुसार यहाँका रिभर नाईल, गेजिरा, ह्वाइट नाइल, वेस्ट कोर्डोफन, साउद डार्फर र कसला राज्यमा बाढीको बढी प्रभाव देखिएको छ। बाढीको प्रभाव बढी भएका यी राज्यमा सरकारले आपतकाल घोषणा गरेको हो।

प्रभावित क्षेत्रमा उद्धारकर्ता परिचालन गरिएको र आवश्यक सहयोगको प्रवन्ध गरिएको अधिकारीहरुले जानकारी दिएका छन्।

बाढी पहिरो पीडितलाई सहयोग गर्न सरकारले राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोगदातालाई अनुरोध गरेको छ। स्वदेशी तथा विदेशी सहयोग सङ्कलनका लागि सरकारले एक अलग्गै बैंक खाता खोल्ने निर्णय गरेको छ।

### कङ्गोमा इबोलाका नयाँ संक्रमित भेटिए

किन्सासा, ७ भदौ (रासस/सिन्ह्वा)।

अफ्रिकी देश कङ्गोमा इबोला भाइरसका नयाँ सङ्क्रमित भेटिएका छन्। प्राप्त समाचारअनुसार यहाँ एकजनामा सोमबार इबोला भाइरसको सङ्क्रमण भेटिएको हो।

कङ्गोको स्वास्थ्य मन्त्रालयले कङ्गोको उत्तरी प्रान्त किभुमा एकजनामा इबोला भाइरसको सङ्क्रमण देखिएको एक विज्ञप्तिमार्फत् जानकारी दिएको छ।

यहाँ यसअघि पनि गत जुलाईमा ४६ वर्षका एकजना पुरुषमा इबोला भाइरसको सङ्क्रमण देखिएको थियो। इबोलाकै कारण उनको यही अगष्ट १७ मा निधन भएको सो मन्त्रालयले जनाएको थियो।

यसअघि पनि सन् २०१८ र सन् २०१९ मा अफ्रिकी मुलुक कङ्गोका दुई उत्तरी प्रान्त किभु र इतुरीमा इबोला भाइरसको ठूलो सङ्क्रमण भेटिएको थियो।

सो सङ्क्रमणमा परी यहाँका तीन हजार आठ सयभन्दा बढी व्यक्ति प्रभावित भएका थिए। सो दुई वर्षको अवधिमा मात्र यहाँका दुई हजार दुई सयभन्दा बढीको निधन पनि भएको थियो।

त्यससमय अफ्रिकाका अरु देशमा पनि इबोलाको सङ्क्रमण पाइएको थियो। त्यसमा परेर हजारौं व्यक्तिले ज्यान गुमाएका थिए।

# प्रदेश सभा सदस्यका लागि एमालेबाट लेखी सशक्त दाबेदार

**दैनिक समाचारदाता**
**राजविराज, ७ भदौ ।**

नेकपा एमालेका केन्द्रिय सदस्य एवं सप्तरी जिल्ला सहइन्चार्ज राजकुमार लेखी सप्तरी संसदीय निर्वाचन क्षेत्र नं. १ को क बाट प्रदेश सभा सदस्य पदका लागि पार्टी भित्रका सशक्त दावेदारको रुपमा देखिएका छन् ।

उनी नेकपा एमालेमा आबद्ध भएपछि सक्रिय रुपमा पार्टीको गतिविधिमा होमिएका छन् । उनले दुई दर्जन विभिन्न मुलुकको भ्रमण समेत गरिसकेका छन् । यद्दपी उनलाई विदेश भ्रमण गरिरहने र डलरको खेती गर्ने नेताको रुपमा पनि चित्रण गर्ने गरिन्छ । एकताका उनी नेपाली, काँग्रेस, माओवादी र एमालेका वरिष्ठ नेताहरुको कटु आलोचक रुपमा समेत चिनिन्थे ।

आदिवासी जनजाती महासंघका पूर्वकेन्द्रिय अध्यक्ष समेत रहेका लेखी थारु कल्याणकारि सभाका महामन्त्रीमा रहेर लामो समयसम्म आदिवासी जनजातीको हकअधिकार लागि संघर्ष गर्दै आएका छन् ।



उनी सुरुमा नेकपा एमालेसँगै आवद्ध भएर राजनीतिमा सक्रिय भएका थिए । सप्तरीको सप्तकोशी नगरपालिकास्थित गंगाजली घर भएका लेखी थारु कल्याणकारिणी सभाको महामन्त्री हुनु अगावै नेकपा एमाले सप्तरी-काठमाडौं सम्पर्क मञ्चका एक कार्यकालका लागि सचिव हुँदै अर्को कार्यकालमा अध्यक्ष समेतको जिम्मेवारी निर्वाहा गरिसकेका छन् । उनी नेकपा एमालेकै जनवर्गीय संगठन तत्कालिन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ नेपालको केन्द्रिय सम्पर्क विभाग र केन्द्रिय प्रचार विभागको सदस्य भएर समेत जिम्मेवारी पुरा गरि अनुभव बटुलिसकेका व्यक्तित्वमा समेत गनिन्छन् । उनी सोही पार्टीको जनवर्गीय संगठन लोकतान्त्रिक आदिवासी जनजाती महासंघको संस्थापक केन्द्रिय कमिटिको सदस्य समेत बने ।

त्यस्तै उनी नेकपा एमालेकै केन्द्रिय कमिटिको संघीय मामिला विभागको सदस्य र पार्टी केन्द्रिय कमिटिको केन्द्रिय सम्पर्क विभाग सदस्य भए । त्यसपछि उनी थारु कल्याणकारी सभाको केन्द्रिय महामन्त्री हुँदै नेपाल आदिवासी जनजाति महासंघको केन्द्रिय अध्यक्ष बन्न पुगे । आदिवासी जनजाति महासंघको पाँच वर्षे कार्यकाल कुशलतापूर्वक सकाएपछि उनी खुल्ला रुपमा राजनीतिमा सक्रिय भए ।

पछि आफ्नै नेतृत्वमा नागरिक समाजवादी पार्टी खोलेर राजनीतिमा पूर्ण रुपले उनी सक्रिय भए । त्यसपश्चात् नागरिक समाजवादी पार्टीबीच १० बुँदे सहमति गरि २०७४ सालमा ६ वटा मधेशवादी पार्टी मिलेर बनेको तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा) सँग एकीकरण गरेर सो पार्टीको महासचिव समेतको जिम्मेवारी उनले निर्वाह गरिसकेका छन् ।

सोही पार्टीबाट लेखी २०७४ सालमा सप्तरी संसदीय निर्वाचन क्षेत्र नं. १ को क बाट प्रदेशसभा सदस्यको उम्मेदवार पनि बने । सो निर्वाचनमा उनी नेकपा एमालेका उम्मेदवार सत्यनारायण मण्डलसँग झिनो मतले पराजित भएका थिए । निर्वाचनमा पराजित भएपनि उनी राजनीतिमा झनै सक्रिय रुपमा लागे । उनले सो क्षेत्रका सम्पूर्ण मतदाताको घर घरमा पुगि चुनावी परिणामले हतास नभएको भन्दै मतदाताले गरेको सहयोगप्रति धन्यवाद दिए ।

तत्कालिन राजपा र संघीय समाजवादी फोरम एकीकरण भएपछि बनेको जनता समाजवादी पार्टी (जसपा) मा उनले महासचिवको जिम्मेवारी पाए । उनी २ नं. प्रदेश (हाल मधेश प्रदेश) को नीति आयोगको सदस्य समेत बने । तर उनी मधेशवादी पार्टी भित्र आन्तरिक लोकतन्त्र नभएको र सो पार्टी क्षेत्रिय पार्टीको रुपमा मात्र स्थापित हुन लागेको भन्दै उनले पार्टी परित्याग गरि नेकपा एमालेको १० औं महाधिवेशनबाट केन्द्रिय सदस्यको रुपमा निर्वाचित भएसँगै सप्तरीको सहइन्चार्ज जिम्मेवारी समेत पाएका छन् ।

हाल उनी नेकपा एमालेको सप्तरी जिल्लामा हुने कार्यक्रम तथा विभिन्न गोष्ठी, अन्तरक्रिया तथा पार्टीको प्रायजसो सबै गतिविधीमा सक्रिय रुपमा सहभागि हुँदै आएका छन् । उनी गत प्रदेशसभा निर्वाचनमा पराजित भएपनि व्यक्तिगत रुपमा विगत चार वर्षदेखी मतदाताभाझ कुनै न कुनै रुपमा विभिन्न कार्यक्रम मार्फत जोडिरहे ।

उनी खुल्ला राजनीतिमा आउनु पूर्व काठमाडौंमै बसोवास गर्दै आएका थिए । तर, सक्रिय राजनीतिमा आएपछि अहिले उनी आफ्नो जन्मस्थल गंगाजलीमै बसेर एमालेको राजनीतिमा सक्रिय रुपमा होमिएका छन् । उनी विगतमा विभिन्न सामाजिक संघ संस्था र संचार माध्यममा संलग्न रहेर अनुभव बटुलेका राजनीतिकर्मी भित्र पर्छन् । लेखी हाल विभिन्न आधा दर्जन संघसंस्थामा आवद्ध समेत छन् ।

सरकारले आउँदो मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मिति तय गरेपछि लेखी चुनावी तयारीसँगै जनताामाझ सशक्त ढंगले सक्रिय भएका छन् । उनी अहिले पनि आदिवासी जनजातीको मुद्दालाई पार्टीको सिद्धान्तसँगै जोडर सम्बोधन गराउनेतर्फ जोडतोडले लागिपरेका छन् । कुशल राजनीतिक वक्ता र स्थानिय माझ लोकप्रिय नेताको रुपमा परिचित लेखी प्रदेशसभा निर्वाचनका लागि दोश्रो पटक चुनावी मैदानमा भिड्न लागेका छन् ।

# मधेस प्रदेशका मुख्यमन्त्रीलाई हटाउने योजना छैन : अध्यक्ष यादव

जनकपुरधाम, ७ भदौ (रासस) ।

जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादवले मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतलाई पदबाट राजीनामा दिन जसपाले निर्देशन नदिएको जानकारी दिनुभएको छ । उहाँले भन्नुभयो,"मुख्यमन्त्री राउतलाई पदबाट राजीनामा दिन पार्टीले निर्देशन दिएको छैन र तत्काल पदबाट हटाउने योजनासमेत रहेको छैन ।"

मंगलबार बिहान सञ्चारकर्मीसँग संक्षिप्त कुरा गर्नुहुँदै सो कुरा बताउनुभएको हो । "मुख्यमन्त्री राउतलाई पदबाट राजीनामा दिन निर्देशन दिएको भनेर बाहिर आएको हल्लामा कुनै सत्यता छैन", अध्यक्ष यादवले भन्नुभयो, "मुख्यमन्त्रीलाई त्यस्तो कुनै निर्देशन दिएको छैन, हटाउने कुनै योजना पनि छैन ।"

सातवटा प्रदेशका मुख्यमन्त्रीमध्ये छ प्रदेशको मुख्यमन्त्री फेरिए पनि मधेस प्रदेशको मुख्यमन्त्री फेरिएको छैन ।

यसैबीच मधेस प्रदेशका मुख्यमन्त्री राउतले पनि आफूलाई राजीनामा दिन कुनै निर्देशन नआएको जानकारी दिनुभएको छ । सञ्चारकर्मीसँग संक्षिप्त प्रतिक्रिया दिनुहुँदै उहाँले आफूलाई पार्टी अध्यक्षबाट राजीनामाका लागि निर्देशन नआएको बताउनुभयो ।

### *सप्तरीमा बन्दको ...*

सप्तरीले जनाएको छ । यस्तै जिल्लाका प्रमुख बजारहरु पनि पुर्णरुपमा खुला रहेको उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवालले बताए ।

सरकारले गरेको एमसीसी सम्झौता र सहमती विपरित विप्लव सहितका नेताहरुमाथी जारी गरिएको पक्राउपुर्जी लगायतका विषयलाई लिएर विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, ऋषी कटेल नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, आहुती नेतृत्वको वैज्ञानिक समाजवादी पार्टी र कर्णजीत बुढाथोकी नेतृत्वको नेपाल माओवादी समाजवादी पार्टीले संयक्त रुपमा बन्दको आह्वान गरेको हो ।


## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)
**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४
**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी



## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुर्याऔं ।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रुपमा प्रयोग नगरौं ।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं ।
- महिलालाई पुरुषको तुलनामा कमजोर पात्रको रुपमा प्रस्तुत नगरौं ।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं ।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*